नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक २५७ २०८३ साल जेठ ७ गते बिहीबार (21 May 2026 Thursday) मूल्य रु. ५/-
**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : परीक्षणसम्बन्धी नयाँ नियमले ... ३ पृष्ठमा : सामसुङमा तलब विवाद ... ४ पृष्ठमा : सडक निर्माणको ...

# भारत सरकारको सहयोगमा सुरुङ्गामा सुविधा सम्पन्न विद्यालय निर्माण

**दैनिक समचारदाता**
**राजविराज, ६ जेठ।**

सप्तरीको सुरुङ्गा नगरपालिकास्थित जनता माध्यमिक विद्यालयको नवनिर्मित सुविधा सम्पन्न भवनको बुधबार एक समारोहबीच भारतीय महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्य दूत देवी सहाय मीनाले उद्घाटन गरेका छन्।






उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि मीनाले विद्यालयको नयाँ भवन निर्माणले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा हासिल गर्न मद्दत पुग्ने बताउँदै नेपाल-भारत सम्बन्ध दुबै मुलुकको विकास, समृद्धि तथा सुरक्षाको आधारमा अगाडी बढ्नु पर्ने धारणा समेत राखे।

सुरुङ्गा नगरपालिकाका मेयर गिता चौधरीले विद्यालय पुर्ननिर्माणमा भारत सरकारले सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्दै विकासको हरेक क्षेत्रमा दुबै देश मिलेर काम गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा बोल्दै वक्ताहरूले उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत-नेपाल विकास साझेदारीको महत्वपूर्ण हिस्सा भएको उल्लेख गरे। यस्ता परियोजनामार्फत विद्यालय, अस्पताल, सडक, पुल, सिंचाइ, नदी नियन्त्रण तथा अन्य आधारभूत पूर्वाधार निर्माणमा सहयोग भइरहेको जनाइएको छ।

वक्ताहरूले नेपाल र भारतबीचको बहुआयामिक तथा ऐतिहासिक सम्बन्धलाई थप सुदृढ बनाउन यस्ता परियोजनाले महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताए।

१९५१ सालमा स्थापना भई जिर्ण अवस्थामा रहेको जनता माध्यमिक विद्यालयको भारत सरकारको सहयोगमा पुर्ननिर्माण गरिएको हो। नर्सरीदेखी स्नातकसम्म पढाई हुने उक्त विद्यालयमा कुल ६ सय २७ विद्यार्थी अध्ययनरत छन्। जसमध्ये ३ सय ५८ जना छात्रा छन्। परियोजना अन्तर्गत विद्यालयको तीन तले भवन निर्माण गरिएको छ। भवनमा अतिरिक्त कक्षाकोठा, पुस्तकालय, बैठक कक्ष, शौचालय, कम्पाउण्ड वाल लगायत आवश्यक पूर्वाधार निर्माण गरिएको छ।

भारत-नेपाल विकास सहयोग अन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजना मार्फत निर्माण गरिएको उक्त भवनको कुल लागत २ करोड ८४ लाख ३२ हजार ३ सय १ रुपैयाँ रहेको छ। जसमध्ये २ करोड २७ लाख ४५ हजार ८ सय ४१ रुपैयाँ भारत सरकारको अनुदान रहेको छ भने ५६ लाख ८६ हजार ४ सय ६० रुपैयाँ स्थानीय सरकारले व्यहोरेको बताइएको छ।

उद्घाटन कार्यक्रममा सुरुङ्गा नगरपालिकाकी प्रमुख गीता चौधरी, स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

# मधेस प्रदेशमा नेपाली कांग्रेस नेतृत्वकै सरकार रहन्छ : सभापति थापा

महोत्तरी, ६ जेठ (रासस)।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मधेस प्रदेशमा नेपाली कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने बताउनुभएको छ।

यहाँको बर्दिबासमा स्बुधबार आयोजित 'नेपाली कांग्रेस प्रदेश र स्थानीय तह केन्द्रित मधेस प्रदेशस्तरीय भेला' एवं 'जरा अभियान' लाई सम्बोधन गर्दै सभापति थापाले मधेस प्रदेश सरकारको नेतृत्वमा नेपाली कांग्रेसले निरन्नता दिने बताउनुभएको हो।

सभापति थापाले नेपाली कांग्रेस पार्टी र नेताको हरेक गतिविधिलाई सामाजिक आन्दोलनसँग जोडेर अगाडि बढ्न पार्टीपंक्तिलाई निर्देशन दिनुभयो।

# मन्त्री महतोले एकै दिन दुबै अदालत र पत्रकार महासंघ भवनको गरे निरिक्षण

**दैनिक समचारदाता**
**राजविराज, ६ जेठ।**

मधेश प्रदेशका गृह, संचार तथा कानुन मन्त्री फकिरा महतोले उच्च अदालत जनकपुर-राजविराज इजलास, सप्तरी जिल्ला अदालत र नेपाल पत्रकार महासंघ सप्तरी शाखाको बुधबार निरिक्षण गरेका छन।



उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायाधिश शुभाष पौडेलले मन्त्री महतोको स्वागत गर्दै पहिलो पटक समस्या र अवस्था बुझ्न कानुन मन्त्री आएको खुशी व्यक्त गरे।

सो क्रममा मन्त्री महतोले अदालतको पूर्वाधार निर्माण, जेनजी आन्दोलनका क्रममा भएको क्षति तथा अन्य जीर्ण संरचनाको निरिक्षण गर्दै सेवा सुविधा विस्तार र स्तरोन्नतीका लागी प्रदेश सरकारबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाए।

उनले आफु मन्त्री भएपछि प्रदेशका ८ वटै जिल्लाका अदालत र कारागारहरुको अवस्था बुझ्न तथा सुधारका कार्य अघि बढाउन जिल्ला दौडहामा निस्केको सुनाए।

हाल सम्म प्रदेशका अधिकाँश जिल्ला अदालत, उच्च अदालत र कारागारको अवलोकन गरी सकेको बताएका मन्त्री महतोले प्रदेश सरकारको तर्फबाट सुधार र व्यवस्थापनका लागी श्रोत साधनले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता जनाए।

सो अवसरमा रजिस्टार लोक बहादुर पराजुलीले अदालतको समग्र अवस्था बारे मन्त्री महतोलाई जानकारी गराउदै सेवा, सुविधा विस्तारमा बजेट छुट्याई सहयोग गर्न आग्रह सहितको पत्र बुझाएका थिए।

मन्त्री महतोले बुधवारै सप्तरी जिल्ला अदालत पनि पुगेर जेनजी आन्दोलनका क्रममा भएको क्षती, तत्काल भइरहेको पूर्वाधारको पुनः निर्माण, सेवाग्राहीलाई प्रदान गरिने सेवा लगायतका विषयमा जानकारी लिदै आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए।

सोही दिन मन्त्री महतोले नेपाल पत्रकार महासंघ सप्तरी शाखाको निरिक्षण गर्दै जेनजी आन्दोलनका क्रममा महासंघको भवनमा पुगेको क्षतिका बारेमा जानकारी समेत लिएको महासंघका अध्यक्ष श्रवणकुमार देवले बताए।

टोलीमा मधेश प्रदेशका डिआईजी गोविन्द थपलिया, मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष जीतेन्द्र खड्गा लगायत सहभागि थिए।

# महासंघको थप दबाब अभियान संचालन

**दैनिक समाचारदाता**
**राजविराज, ६ जेठ।**

नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी रवैया सच्याउन, सूचनाको पहुँचमा नियन्त्रण नगर्न, श्रमजीवी पत्रकारको पक्षमा पहलकदमी लिन र सरकारी सूचना वितरणमा विभेद हटाउन पटकपटक ध्यानाकर्षण गराउँदा समेत सरकारले बेवास्ता गरेपछि आन्दोलित महासंघले थप दबाब अभियान सञ्चालन गरेको छ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारि विज्ञप्तिमा जेठ ७ गतदेखि एक सातासम्म महासंघका तीन तहकै संरचनाले हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने जनाइएको छ।

यस्तै जेठ ११ गते सोमबार केन्द्रीय समितिले संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र संसद्को विषयगत समितिका सभापतिलाई ज्ञापनपत्र बुझाउने तथा प्रदेश र शाखाले ईमेल वा हुलाकमार्फत ज्ञापनपत्र पठाउने, जेठ १४ गते बिहीबार देशका सबै पत्रपत्रिका, टेलिभिजन, रेडियो र अनलाइन सञ्चारमाध्यममा सरकारी कदमको विरोध स्वरूप सम्पादकीयको वा उपयुक्त स्थानमा कालो राख्न महासंघका सबै संरचनाले पहल गर्ने तथा सोही दिन सञ्चारमाध्यमले कालो राख्ने

***बाँकी अन्तिम पृष्ठमा***

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हाटबजारलाई व्यवस्थित गराउनेतर्फ निकायको ध्यान पुग्नु जरुरी

लामो समयदेखी राजविराज हटिया निर्माणाधीन अवस्थामै छ। कुनै बेला सोही हटियामा नुनदेखी सुनसम्म पाउने हटियाको रुपमा नेपालमै आफ्नो आफ्नो परिचय बनाएको थियो। दैनिक उपभोग्य बस्तुदेखी लिएर बालबच्चा, बृद्धबृद्धाको कपडा, पूजा सामाग्रि, जन्मदेखी मरनसम्ममा प्रयोग हुने सामाग्रिहरु लगायत पाइन्थ्यो। तर, अहिले भौतिक संरचना निर्माणको क्रममा रहँदा ती सबै छिटफुट भइसकेको छ। हाल हटिया तितरबितर अवस्था रहेको छ। जसकारण अहिले अदालत रोडमै भिडभाड हुने गरेको छ। हटिया तितरबित्तरले सडक तथा त्यसको छेउछाउमा हटिया लाग्ने गरेको छ।

भौतिक संरचना निर्माण त भए, तर भवनमा एउटा पनि शौचालय निर्माण नभएको कारण अहिले हटिया संचालनमा ढिलाई भइरहेको छ। भवन निर्माणका क्रममा प्राविधिकहरुले शौचालयको स्थान नतोकेपछी अहिले शौचालय निर्माणका लागि स्थानीय र सम्बन्धीत निकायबीच जुहारी चलिरहेको छ। हाट बजार व्यवस्थित गर्ने उद्देश्यले भवन निर्माण गरिएको हो। यद्दपी भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न गराउनेदेखी लिएर तरकारी बजारलाई व्यवस्थित गर्नेतर्फ ध्यान पुग्न सकेको छैन्।

तसर्थ हटियाको अवस्था कहाली लाग्दो रहेपनि स्थानिय सरकार मुकदर्शक बनेको छ। ती निर्माणका कार्यहरु पुरा गराई हाटबजार समेतलाई व्यवस्थित गराउनेतर्फ सम्बन्धित निकायको ध्यान पुग्नु अति आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# परीक्षणसम्बन्धी नयाँ नियमले चिया निर्यात ठप्प

**चन्द्रकला भण्डारी**

झापा, ६ जेठ (रासस)।

भारतीय चिया विकास निगमले चिया आयातमा ट्रकैपिच्छे प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) अनिवार्य गर्ने नयाँ नियम लागू गरेपछि विगत दुई सातादेखि नेपाली चियाको निर्यात पूर्णरूपमा ठप्प भएको छ।

भारतको यो नीतिगत कडाइका कारण वार्षिक रु पाँचदेखि छ अर्ब वैदेशिक मुद्रा आर्जन गर्ने नेपालको चिया उद्योग ठूलो सङ्कटमा परेको व्यवसायीहरूले बताएका छन्।

नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीका अनुसार भारतले गत वैशाख १८ गतेदेखि लागू हुने गरी नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिडर (एसओपी)' जारी गरेको हो। नयाँ प्रावधानले नेपाली निर्यातकर्ताका लागि प्रशासनिक र आर्थिक झञ्झट थपेको छ।

"चिया निर्यातको यो मुख्य याम हो। अहिले करिब पाँच लाख किलोग्राम चिया निर्यातका लागि तयारी अवस्थामा छ", अध्यक्ष पराजुलीले भन्नुभयो, "तर भारतीय पक्षको नयाँ र कडा प्रावधानका कारण कुनै पनि व्यवसायीले चिया भारततर्फ लैजाने आँट गर्न सकेका छैनन्। दुई सातादेखि एक पोका चिया पनि निर्यात हुन सकेको छैन।"

यसअघि नेपाली चिया निर्यातका लागि एउटा उद्योगले एकपटक प्रयोगशाला परीक्षण उत्तीर्ण गरेपछि सोही प्रमाणपत्रका आधारमा १५ दिनसम्म १० ट्रक चिया सहजै भारत पठाउन सक्ने व्यवस्था थियो। तर, नयाँ नियमअनुसार काँकडभिट्टा नाकाबाट भारतीय सीमावर्ती पानीट्ङ्की भन्सार प्रवेश गर्ने वित्तिकै प्रत्येक ट्रकको चियाको नमुना अनिवार्य रूपमा भारत सरकारको मान्यता प्राप्त प्रयोगशालामा पठाउनुपर्ने भएको छ।

प्रतिट्रक नमूना परीक्षणका लागि रु १८ हजार शुल्क तिर्नुपर्नेछ भने त्यसको प्रतिवेदन आउन कम्तीमा १४ दिन लाग्ने बताइएको छ। भारतीय प्रयोगशालाले १४ दिनभित्र अनलाइन प्रणालीमा रिपोर्ट प्रविष्ट गर्ने र यदि परीक्षण असफल भएमा उक्त चियालाई भारतीय बजारमा बेच्न वा अन्य देशमा पठाउनसमेत नदिई जफत गरिने कडा प्रावधान राखिएको छ।

"एकातर्फ हरेक ट्रकको नमूना परीक्षणका लागि महँगो शुल्क र समय लाग्ने नियम बनाउनु निर्यातमा पूर्ण अवरोध सिर्जना गर्ने नियत हो", पराजुलीले थप्नुभयो, "अर्कातर्फ रिपोर्ट प्रतिकूल आएमा चिया नै जफत गर्ने प्रावधान छ। यो नियम संशोधन नभए नेपाली चियाको भारत निर्यातको ढोका सधैंका लागि बन्द हुनेछ।"

नेपाली चियाको मुख्य बजार भारत नै रहँदै आएको छ। प्रयोगशालाको प्रतिवेदन नआउन्जेल १० देखि १४ दिनसम्म लोड भएका ट्रकहरू सुरक्षित रूपमा रोकेर राख्ने पर्याप्त पार्किङ स्थल र पूर्वाधार पानीट्ङ्की भन्सारमा समेत नरहेको व्यवसायीहरूको गुनासो छ।

चिया क्षेत्रमा देखिएको यो गैरभन्सार अवरोध हटाउन नेपाल सरकारले भारतीय पक्षसँग अबिलम्ब 'जिटुजी' संवाद थाल्नुपर्ने नेपाल चिया उत्पादक सङ्घको माग छ। यसका लागि पहल भइरहेको सङ्घले जनाएको छ।

नेपालमा उत्पादित सिटिसी र अर्थोडक्स चिया विश्व बजारमा गुणस्तरका लागि लोकप्रिय मानिन्छन्। तर, प्रमुख बजार भारतमै नीतिगत अवरोध सिर्जना हुँदा किसानदेखि ठूला उद्योगीसम्म र यसमा आश्रित लाखौं श्रमिकको जीविकोपार्जन सङ्कटमा परेको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा मुलुकको २० हजार ६०२ हेक्टर भूभागमा रहेको चिया बगानबाट रु दुई करोड ६१ लाख २३ हजार १११ किलोग्राम तयारी चिया उत्पादन भएको थियो। आव २०८१/८२ मा नेपालबाट रु चार अर्ब ५९ करोड आठ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको थियो।

मुलुकभर १७० वटा ठूला चिया बगान र १२० वटा साना तथा मझौला चिया बगान छन्। चिया उत्पादनमा १५ हजारभन्दा बढी साना किसान प्रत्यक्ष सहभागी छन्। एक लाख श्रमिकले बगानदेखि उद्योगसम्म प्रत्यक्ष रोजगारी पाउँदै आएका छन्।

# पूर्वमन्त्री गुप्ता ५० लाख धरौटीमा थुनामुक्त

काठमाडौँ, ६ जेठ (रासस)।

घुस लिएको आरोमा पक्राउ परेका पूर्वमन्त्री राजकुमार गुप्तालाई सर्वोच्च अदालतले रु ५० लाख नगद धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी लिई थुनामुक्त गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मङ्गलबार गरेको आदेशमा बुधबार सार्वजनिक भएको लिखित आदेशमा उक्त धरौटी लिएर पूर्वमन्त्री गुप्तालाई धरौटीमा थुनामुक्त गर्न उल्लेख छ।

आदेशमा भनिएको छ, "मुद्दाको फैसला हुँदाका बखत ठहरेबमोजिम हुने गरी हाललाई राजकुमार गुप्ताबाट विशेष अदालत ऐन, २०५९ को दफा ७ (घ) बमोजिम यी निवेदक प्रतिवादीबाट रु ५० लाख नगद धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी वा जेथा जमानत दिए लिई मुद्दाको पूर्पक्षका लागि

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# सामसुङमा तलब विवाद चर्कियो

सियोल, ६ जेठ (रासस/एपी)।

दक्षिण कोरियाको प्रविधि क्षेत्रमा विश्वस्तरीय प्रभाव राख्ने कम्पनी सामसुङ इलेक्ट्रोनिक्समा तलबसम्बन्धी वार्ता असफल भएपछि हडतालको सम्भावना तीव्र बनेको छ। व्यवस्थापन र युनियनबीच बुधबार अन्तिम चरणको वार्ता निष्कर्षविहीन रूपमा टुङ्गिएपछि देशको प्रमुख चिप तथा इलेक्ट्रोनिक्स उद्योगमा ठूलो अवरोध आउने चिन्ता बढेको छ।

श्रमिक प्रतिनिधिहरूले कृत्रिम बौद्धिकता (एआई) मा आधारित विश्वव्यापी मागका कारण कम्पनीको नाफा उल्लेखनीय रूपमा बढे पनि कर्मचारीलाई उचित क्षतिपूर्ति नदिएको आरोप लगाएका छन्। लगभग ७४ हजार कामदारको प्रतिनिधित्व गर्ने युनियनले माग पूरा नभए बिहीबारदेखि १८ दिनसम्म हडताल सुरु गर्ने घोषणा गरेको छ।

यसबीच सरकार पनि सक्रिय बनेको छ। अधिकारीहरूले सामसुङमा सम्झौता गराउन दुर्लभ रूपमा प्रयोग गरिने आपतकालीन अधिकार प्रयोग गर्ने चेतावनी दिएका छन्। सरकारको भनाइमा, सम्भावित हडतालले सेमिकन्डक्टर उत्पादनलाई प्रभावित पार्दै देशको निर्यात-निर्भर अर्थतन्त्रमा ठूलो असर पार्न सक्छ।

वार्ताको पछिल्लो चरण पनि कुनै सहमति बिना समाप्त भएपछि युनियनका नेता चोई सुङ-होले पत्रकारहरूसँग हडताल अपरिहार्य भएको बताउनुभयो। उहाँका अनुसार व्यवस्थापनले सरकारी मध्यस्थता प्रस्ताव अस्वीकार गरेको आरोप युनियनले लगाएको छ, यद्यपि त्यस प्रस्तावको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

उता सामसुङ व्यवस्थापनले भने युनियनका मागहरू अत्यधिक रहेको दाबी गरेको छ। विशेषगरी घाटामा रहेका एकाइहरूमा पनि उच्च क्षतिपूर्ति प्याकेज मागिएको भन्दै कम्पनीले आपत्ति जनाएको छ। दुवै पक्षले वार्ता जारी राख्ने इच्छा व्यक्त गरे पनि निकट भविष्यमा पुनः बैठक बस्ने सम्भावना स्पष्ट छैन।

सामसुङ इलेक्ट्रोनिक्स स्मार्टफोन, उपभोक्ता इलेक्ट्रोनिक्स र सेमिकन्डक्टर उत्पादनमा विश्वकै अग्रणी कम्पनीमध्ये एक हो। यसको क्रस-टाउन प्रतिस्पर्धी एसके हाइनिक्ससँग मिलेर यसले विश्वको करिब दुई-तिहाइ मेमोरी चिप उत्पादन नियन्त्रण गर्दछ, जुन एआई प्रविधिको तीव्र विस्तारसँगै उच्च मागमा छ।

कम्पनीले हालै सार्वजनिक गरेको तथ्याङ्कअनुसार जनवरी-मार्च त्रैमासिकमा यसको सञ्चालन नाफा आठ गुणा बढेर ५७२ खर्ब वन (करिब ३८ अर्ब अमेरिकी डलर) पुगेको छ। यद्यपि युनियनले यही नाफाको आधारमा कर्मचारीलाई लाभ वितरण सुनिश्चित गर्नुपर्ने माग अघि सारेको छ।

युनियनको प्रस्तावअनुसार कम्पनीले वार्षिक सञ्चालन नाफाको १५ प्रतिशत कर्मचारी बोनसका रूपमा छुट्याउनुपर्ने र हाल लागू ५० प्रतिशत तलब सीमाको बोनस क्याप हटाउनुपर्ने माग गरिएको छ। व्यवस्थापनले भने सेमिकन्डक्टर उद्योगको अत्यधिक उतारचढावयुक्त प्रकृतिका कारण यस्तो माग व्यावहारिक नभएको दाबी गरेको छ।

सरकारका उच्च अधिकारी, प्रधानमन्त्री किम मिन-सिओकले आइतबार टेलिभिजन सम्बोधनमार्फत हडतालले सामसुङको जटिल उत्पादन प्रणालीमा बाधा पुऱ्याएर करिब एक हजार खर्ब वन (६६ अर्ब अमेरिकी डलर) बराबरको आर्थिक क्षति हुन सक्ने चेतावनी दिनुभयो।

यसैबीच अदालतले पनि हस्तक्षेप गर्दै कम्पनीको अनुरोध आंशिक रूपमा स्वीकार गरेको छ। सुवन जिल्ला अदालतले युनियनलाई सुविधामा क्षति नपुग्ने गरी निश्चित कर्मचारी सङ्ख्या कायम राख्नुपर्ने आदेश दिएको छ। साथै, प्रमुख उत्पादन केन्द्र र कार्यालयहरू कब्जा गर्न पनि रोक लगाइएको छ, जसले सम्भावित हडतालको स्वरूपलाई कानूनी सीमाभित्र राख्ने प्रयास गरिएको छ।

# क्यालिफोर्नियामा भीषण आगलागी, १७ हजार विस्थापित

सिमी भ्याली (क्यालिफोर्निया), ६ जेठ (रासस/एपी)।

दक्षिणी क्यालिफोर्नियामा फैलिएको भीषण डढेलोका कारण १७ हजारभन्दा बढी मानिसलाई घर खाली गर्न आदेश दिइएको छ। उपनगरीय बस्तीहरूलाई प्रत्यक्ष खतरा पुगेपछि ठूलो स्तरको निकासी अभियान सञ्चालन गरिएको छ। लस एन्जलसबाट करिब ३० माइल (४८ किलोमिटर) उत्तर-पश्चिममा रहेको सिमी भ्याली वरिपरिका पहाडी क्षेत्रमा सोमबारदेखि हावाले तीव्र बनाएको स्यान्डी फायर फैलिएको हो। सुक्खा झाडी क्षेत्रमा सुरु भएको आगलागी बिस्तारै बस्ती नजिक पुगेपछि स्थानीय प्रशासनले आपतकालीन कदम चालेको हो।

भेन्टुरा काउन्टी अग्नि विभागका अनुसार मङ्गलबार बिहानसम्म आगलागीले दुई वर्गमाइल (करिब पाँच वर्गकिलोमिटर) भन्दा बढी क्षेत्रफल जलेको छ भने कम्तीमा एउटा घर पूर्ण रूपमा नष्ट भएको छ। प्रारम्भिक चरणमा आगलागी ३० माइल प्रतिघण्टा (४८ किलोमिटर प्रतिघण्टा) को गतिमा फैलिएको थियो। तर रातभर हावाको गति केही कम भएपछि नियन्त्रण प्रयासमा राहत मिलेको अग्नि विभागका प्रवक्ता एन्ड्रयु डाउडले जानकारी दिनुभयो। उहाँका अनुसार अनुकूल मौसमका कारण अग्नि नियन्त्रक टोलीले केही प्रगति गरे पनि हावा फेरि तीव्र हुन सक्ने जोखिम कायमै छ।

हालसम्म आगलागी करिब पाँच प्रतिशत मात्र नियन्त्रणमा आएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको अधिकारीहरूले जनाएका छन्। सिमी भ्याली क्षेत्रमा एक लाख २५ हजारभन्दा बढी जनसङ्ख्या रहेको बस्ती वरिपरि अझै पनि निकासी आदेश र चेतावनीहरू कायम छन्। बाक्लो धुवाँका कारण क्षेत्र धुम्मिएको छ भने अग्नि नियन्त्रकहरूले हवाईमार्फत पानी खसालेर आगो नियन्त्रण गर्ने प्रयास जारी राखेका छन्।

यसैबीच, दक्षिणी क्यालिफोर्नियाको तटीय क्षेत्रमा रहेको सान्ता रोजा टापुमा पनि अर्को ठूलो डढेलो फैलिएको छ। करिब २३ वर्गमाइल (५९ वर्गकिलोमिटर) क्षेत्रफलमा फैलिएको उक्त आगलागीले एउटा क्याबिन र एउटा उपकरण भण्डारण भवन ध्वस्त पारेको छ। आगलागीका कारण राष्ट्रिय निकुञ्ज सेवाका ११ जना कर्मचारीलाई सुरक्षित रूपमा बाहिर निकालिएको छ। मङ्गलबार बिहानसम्म त्यहाँ आगलागी पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन। क्याम्पिङ र पदयात्राका लागि लोकप्रिय सान्ता रोजा टापु वन्यजन्तुहरूको महत्वपूर्ण वासस्थान पनि हो, जहाँ ब्वाँसो, धब्बेदार स्कङ्क र हात्ती सिल जस्ता प्रजातिहरू पाइन्छन्।

# जन ज्योती कृषि सहकारी संस्था लि.

राजबिराज ९, मलेठ सप्तरी

## घर जग्गा लिलामीको ३५ दिने सार्वजनिक सुचना

**मिति : २०८३।०२।०७**

यस सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक/पटक मौखिक, लिखित तरताकेता गर्दा समेत कर्जा नतिरेको हुँदा मिति २०८१/१०/०३ गते, २०८२/०१/१५ गते र २०८२/०२/२६ गते को राजविराज दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जाको वक्यौता साँवा र सोमा लागेको व्याज, हर्जना लगायत अन्य दैदस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै ध्यान नदिएकोले धितो सुरक्षण स्वरुप लेखिलेखाई दिएको तपसिलमा उल्लेखित धितो वापतको सुरक्षण सम्पत्ती लिलाम बिक्री गरी यस सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि सहकारी ऐन, २०७४को दफा ७९,८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो लिलाम बिक्री गर्न ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः तोकिएको ३५ (पैतिस) दिने म्याद पश्चात निम्न मिति, समय र स्थानमा लिलाम बिक्रीको कार्य हुने भएकोले सो धितो सुरक्षणमा रहेको सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्तिहरुले सोही दिन उपस्थित हुनु भई डाँक बढाबढ कार्यमा सहभागी भई दिनु हुन सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा सहकारी ऐन, २०७४ बमोजिम संस्था आफैंले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविक संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस सहकारीको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र सम्बन्धित ऋणीको नाम नामेशी सहकारी ऐन बमोजिम कालो सूचीमा समेत प्रकाशित गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको बिवरण | ऋणीको फोटो | धितो बिवरण |
|---|---|---|---|
| १ | नामः देब कुमार चौधरी<br>बुवाः रामनाथ चौधरी बाजेः बेतिलाल चौधरी<br>ना.प्र.नं.: १६३०६१/२७ जारीमितिः २०६३/११/१५<br>ठेगानाः रुपनी १, सप्तरी |  | गाडी न. ११७० को महेन्द्रा पिकअप चेसिस न.MA12N2GHKG1H62556sf को इंनजिन न. GHGH41665 को मोडेल न.२०१६ गाडी झिकाई लिलाम बिक्री गर्ने । |
| २ | नामः आवा देबी चौधरी<br>पतिः देब कुमार चौधरी ससुराः रामनाथ चौधरी<br>ना.प्र.नं. : जारीमिति :<br>ठेगाना : रुपनी १, सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा आवा देबी चौंधरीको नाममा दर्ता कायम रहेको कि.नं. ७६० खोक्सर प्रवाहा ३ क क्षेत्रफल ०-५-० |
| ३ | नामः सतिश कुमार झा<br>बाबुः सुर्य नारायण झा बाजेः मधुसुदन झा<br>ना.प्र.नं.: ७६०८६४९८ जारीमितिः २०४२।०४।०२<br>ठेगानाः राजविराज १ पडरिया, सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा सतिश कुमार झा को नाममा दर्ता कायम रहेको कि.न. ४५५ चनौरा पडरिया क्षेत्रफल ०-१-०.५-० र कि. न. ५४६ चनौरा पडरिया क्षेत्रफल ०-२-०.५-० |
| ४ | नामः कृष्णा कुमारी यादव<br>पतीः धर्म नारायण यादव ससुराः जगदिश प्रसाद यादव<br>ना.प्र.नं.: १६१०५६।१९१ जारीमितिः २०६६।०५।१४<br>ठेगानाः राजविराज ९ मलेठ, सप्तरी | | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा कृष्णा कुमारी यादवको नाममा दर्ता कायम रहेको कि.नं १६३३ मलेठको क्षेत्रफल ०-०-१४-० |
| ५ | नामः पवन कुमार कर्ण<br>बुवाः राजनारायण कर्ण बाजेः उत्तिमलाल कर्ण<br>ना.प्र.नं. : ८०४४३१२१ जरीमिति : २०४४।१०।२२<br>ठेगाना : शम्भुनाथ १, सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा पवन कुमार कर्णको नाममा दर्ता कायम रहेको कि.न. १०३३ भंगहा ६ क्षेत्रफल ०-०-१०, कि.न. ६८८ मलहनिया ६क क्षेत्रफल ०-४–०.७५, कि.नं. १०३ कुशहा ३क क्षेत्रफल ०-१-१८, कि.नं.२७ कुशहा ४ क्षेत्रफल ०-०-१३.५ |
| ६ | नामः सुनिल कुमार झा<br>वावुः राम नारायण झा बाजेः बच्चा झा<br>ना.प्र.नं. : ४००२३९६१ जरीमिति : २०४५।०२।१०<br>ठेगाना : राजगढ १, नर्घो, सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा सुनिल कुमार झाको नाममा दर्ता कायम रहेको कि.न. ६२५ मले नर्घो २ख क्षेत्रफल ०-२–३-० |
| ७. | नामः राम प्रसाद दास/धर्म नारायण दास<br>बुवाः राधा दास/रुन्दी दास बाजेः मरुवा दास/नेती दास<br>ना.प्र.नं.: ३५९६/५९२४४१३७<br>जारीमिति : २०४६।०१।१५/२०४८।०६।२८<br>ठेगाना : रुपनी ५/विष्णुपुर १ जमुनी, सप्तरी | | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा राम प्रसाद दास/धर्म नारायण दासको नाममा दर्ता कायम रहेको कि.न. ६१८ वोरिया १ क्षेत्रफल ०-१-३ |
| ८. | नामः चनेश्वरी देवी यादव<br>पतीः प्रमेश्वर यादव ससुराः रामेश्वर यादव<br>न.प्र. न.: ६१५८ जारी मितिः २०५९।०२।१४<br>ठेगाना : महदेवा १ पकरी, सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजविराजमा चन्नेश्वरी देवी यादवको नाममा दर्ता कायम रहेको कि.न. ७११ अगाडी ३क क्षेत्रफल ०-२–२.५-० |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**

१) बोल पत्र फारम यस संस्थाको कार्यालयबाट रु ५०० (अक्षरेपी पांच सय रुपैया मात्र) तिरि फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

२) बोल पत्र फारममा आफुले वोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पतिको बिबरण यस संस्थाबाट प्रकाशित सुचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पतिको स्पष्ट विवरण उल्लेख गरी सोको मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ ।

३) बोलपत्रमा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक राजविराजस्थित यस संस्थाको खाता न. ०३४-१००७६३३०००१० मा जम्मा गरेको सक्कल भौचर बोलपत्रका साथ पेश गर्नुपर्ने छ ।

४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नू अगावै संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिणममा स्वीकार गरी लिनु पर्ने छ ।

५) बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफनो नाउमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिस्टेशन गर्ने कार्यालयमा लाग्ने सरकारी दस्तुर घर । जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोंनु पर्नेछ ।

६) बोलपत्र दाखिला भै सकेपछि वोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यता धरौटी रकम फिर्ता दिने छैन ।

७) रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुने छ ।

८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।

९) बोल पत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोल पत्रहरु रद्य गरी धरौटी फिर्ता दिन सक्ने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाइने छैन ।

१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र वोल पत्र पेश गर्न सकिने छ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सुचना प्रकाशित मिति ले ३६ औं दिनको ३ बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्ममा ऋणी वा धितोबालाले संस्थाको ऋण चुक्ता गरी धितो फुकुवा लै जान सकिने छ ।

११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोलिने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधापरेको मानिने छैन ।

१२) बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**लिलाम हुने मिति : २०८३/०३/१२ गते शुक्रवार**
**स्थान : जनज्योती कृषि सहकारी संस्था लि राजविराज ९, मलेठ**
**समय : दिउँसो ३ बजे**

# सडक निर्माणको माग गर्दै बाटो अवरुद्ध



**दैनिक समचारदाता**
**राजविराज, ६ जेठ ।**

हुलाकी राजमार्ग अन्तरगत सप्तरी सदरमुकाम राजविराज वडा नं. ३ हनुमान मन्दिरदेखी वडा नं. १ चनौरा पडरीया सडकखण्ड निर्माणको माग गर्दै बुधबार बिहानदेखी स्थानीयले अवरुद्ध पारेका छन् ।

लामो समयदेखी उक्त सडकखण्ड निर्माण हुननसक्दा स्थानीयले धुलोका कारण सास्ती व्यहोर्नुका साथै स्वास्थ्यमा समेत असर पुगिरहेको भन्दै सडक अवरुद्ध पारेका हुन् ।

स्थानीयवासीले निर्माणाधीन हुलाकी सडकमा धुलो नियन्त्रण, नियमित पानी छर्किने व्यवस्था र सडक स्तरोन्नतिको माग राख्दै आवतजावत पूर्ण रूपमा बन्द गरेका छन् ।

स्थानीय निरञ्जन झाका अनुसार लामो समयदेखि सडकमा उड्ने धुलोका कारण बालबालिका, वृद्धवृद्धा तथा सर्वसाधारणमा श्वासप्रश्वास, एलर्जी लगायत स्वास्थ्य समस्या बढ्दै गएको छ । पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सम्बन्धित निकायले कुनै ठोस पहल नगरेको उनको आरोप छ ।

तीनै तहका जनप्रतिनिधिहरुले समस्या समाधानमा उदासीनता देखाइएको आरोप लगाउँदै उनले “आन्दोलन बिना समस्या सुनुवाइ हुँदैन” भन्ने अवस्था सिर्जना भएको सामाजिक संजालमा लेखेका छन् ।

# कर्मचारी कुटपिट गर्नेलाई कारवाहीको माग गर्दै धर्ना



**दैनिक समचारदाता**
**राजविराज, ६ जेठ ।**

राजविराज नगरपालिकाका सवइन्जिनियर मनोज कुमार यादवलाई कुटपिट गरेको बिरोधमा आन्दोलित कर्मचारीहरु बुधबार पालिका परिसरमा धर्ना बसेका छन् ।

मंगलबार बिहान राजविराज वडा नं. ८ स्थित निर्माण कार्यको निरिक्षण तथा लेआउट गर्न पुगेको बेला सवइन्जिनियर यादवलाई कुटिपिटका साथै उनको साथमा रहेको ल्यापटप समेत तोडफोड भएको घटनाको बिरोध गर्दै कर्मचारीहरु आन्दोलित भएका हुन् ।

सवइन्जिनियर यादवलाई कुटपिट गर्ने व्यक्तिलाई कानुनी कारवाहीको माग गर्दै कार्यालय समय बिहान ९ बजेदेखी ५ बजेसम्म कर्मचारीहरु धर्ना बसेका छन् । कर्मचारीहरुले अतिआवश्यक बाहेकका अन्य सबै सेवा ठप्प पारेका छन् ।

मंगलबार बिहान १० बजेतिर राजविराज ८ मा नगरपालिकाद्वारा भइरहेको सडक निर्माण कार्यको निरिक्षण तथा लेआउटका लागि पुगेका सवइन्जिनियर यादवमाथी सोही वडा निवासी गुलाब यादव भन्ने व्यक्तिले कुटपिट तथा ल्यापटप तोडफोड गरेको प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद चन्द्रवंशी बताए ।

यसअघि मंगलबार नै सवइन्जिनियर यादवमाथी कुटपिट गर्ने तथा ल्यापटप तोडफोड गर्ने गुलाब यादवलाई पक्राउ गरि कानुन बमोजिम कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयमा नगरपालिकाले उजुरी समेत दिएको छ ।

# मधेस प्रदेशको ४४२ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त

जनकपुरधाम, ६ जेठ (रासस) ।

वर्षौंदेखि मधेस प्रदेशका विभिन्न जिल्लामा अतिक्रमित ४४२ हेक्टर वन क्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा अतिक्रमण मुक्त गरिएको छ ।

मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गर्न तथा गराउन सम्बन्धित वन कार्यालयले सूचना जारी गरेका छन् ।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्रको जमिन फिर्ता लिइएको छ ।

अतिक्रमित वनक्षेत्रमा खेतीपाती, गोठनिर्माण, होटल तथा पसल सञ्चालन, घरसमेत निर्माणगरी बसोबास भइरहेको थियो । निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिनुभयो । अतिक्रमित वनक्षेको जमिन खाली गर्ने प्रक्रिया सुरु गरिएको तथा त्यसमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

लामो समयदेखि अतिक्रमित वनक्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकारले पहल गरिरहेको जनाइएको छ । यसका लागि प्रशासनिक संयन्त्रले एक्लै समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहकाले त्यसतर्फ काम भइरहेको निर्देशक जयसवालले उल्लेख गर्नुभयो ।

हाल नेपालमा ४५ प्रतिशत भू-भाग वनले ढाकेको भए पनि मधेस प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ ।

प्रदेशभरि दुई लाख दुई हजार २०२ हेक्टर जमिनमा वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ । जसमध्ये मधेसको कुल वनक्षेत्रमध्ये आठ प्रतिशत वनक्षेत्र अतिक्रमणमा परेको हो ।

# कक्षा ११ को पठनपाठन आगामी असार १ देखि

काठमाडौँ, ६ जेठ (रासस) ।

शिक्षा तथा खेलकुद मन्त्रालयले कक्षा ११ को पठनपाठन आगामी असार १ गतेबाट गर्न/गराउन निर्देशन दिएको छ ।

मन्त्रालयले शैक्षिकसत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा प्रकाशन भइसकेको सन्दर्भमा कक्षा ११ को पठनपाठन सञ्चालनका लागि समय निर्धारण गरेको हो । मन्त्रालयको सो निर्णयबारे शिक्षा, तथा मानवस्रोत विकास केन्द्रले शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गरी बुधबार जानकारी गराएको छ ।

## पूर्वमन्त्री गुप्ता ...

तारेखमा राख्नू ।”

विशेष अदालत काठमाडौंले आदेश पुर्पक्षका लागि थुनामा राख्ने आदेशलाई बदर गर्दै गुप्तालाई धरौटीमा थुनामुक्त गरेको हो । आदेशमा भनिएको छ, “निवेदक प्रतिवादी राजकुमार गुप्तालाई मुद्दा पर्पक्षका लागि थुनामा राख्ने गरी विशेष अदालत, काठमाडौंबाट २०८२/९/१६ गते भएको आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ ।”

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुप्ता सामान्य प्रशासनमन्त्री भएको बेलामा रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्कीबाट सरुवा थमौती गराइ दिने तथा खमबहादुर पुनलाई भूमिसम्बन्धी समस्या समाधान आयोग कास्कीको अध्यक्षमा नियुक्ति दिलाउन घुस लिएको आरोपमा मुद्दा दायर गरेको थियो । अदालतले प्रतिवादी रामचन्द्र अधिकारी, तुल्सीराम बुढा मगर र रन्जिता श्रेष्ठको हकमा धरौटीमा थुनामुक्त गर्ने विशेष अदालतको आदेश सदर गरेको छ ।

## महासंघको थप ...

अभियान संचालन गरेको जनाएको छ ।

सोही विज्ञप्तिमा साताव्यापी दबाब अभियानबाट पनि माग पूरा नभए आन्दोलनलाई निरन्तरता दिंदै थप सशक्त कार्यक्रम ल्याइने उल्लेख छ ।

श्रमजीवी पत्रकारको श्रमको पक्षमा सकारात्मक पहल नलिएको सरकारले खर्च कटौतीको बहानामा सबै तहको सरकारी सूचना (विज्ञापन) राज्य नियन्त्रित सञ्चारमाध्ममलाईमात्र दिने विभेदकारी निर्णयविरूद्व नेपाल पत्रकार महासंघले दबाबमूलक अभियान सञ्चालन गर्दै आएको छ ।

यसअघि महासंघले महासंघका पूर्वअध्यक्ष, राष्ट्रिय दैनिक, साप्ताहिक, अनलाइनका सम्पादक तथा राजनीतिक दलका संसदीय दलका नेतालगायतसँग छलफल गरेको थियो भने महासंघ केन्द्रीय समितिमा बैठकले थप दबाबमूलक कार्यक्रम तय गरेको थियो । जसअनुसार महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा प्रष्ट पारी प्रतिवद्धता लिएका थिए भने सबै जिल्ला शाखाले सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए । केन्द्रले पत्रकार सम्मेलन गरी आफ्नो अवधारण सार्वजनिक गर्नुका साथै सबै सञ्चारमाध्यमले सम्पादकीय ऐक्यवद्धतामार्फत सरकारको विभेदकारी निर्णयको विरोध जनाएका थिए ।

त्यस्तै पत्रकार तथा महासंघका सदस्यहरूमार्फत सामाजिक सञ्जाल प्रयोग गरी विरोधका सामग्री सार्वजनिक गरियो भने महासंघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल तथा लबिङ गरेको थियो । महासंघको आग्रहमा नगरपालिका र गाउँपालिका महासंघसँग केन्द्रीय समिति र जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै शाखाहरूले ज्ञापनपत्र बुझाएका थिए ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*